# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।१९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु राज कुमार थापा र बुद्धिविलास धिताल रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रतिवादीहरु राज कुमार थापा र बुद्धिविलास धितालले शिक्षक छनौटको अन्तरवार्ताको क्रममा राखेको स्नातकोत्तर (M.Sc.) तहको ट्रान्सक्रिप्ट फिर्ता गर्न घुस/रिसवत रु.१६,०००।- लिई भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुर गरेकोले निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको कसुरमा बिगो रु. १६,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिबाना हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०/०९/१३ को फैसलाबाट सफाई दिएको-:

- प्रतिवादीहरुबाट परीक्षा सञ्चालन तथा व्यवस्थापनमा खर्च भएको रकम विद्यालयको लागि माग गरेको देखिएको।
- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर हुनलाई राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सो सम्बन्धी कुनै काम गर्दा आफ्नो वा अरु कसैको लागि रकम माग गरेको नदेखिएको, लगायतका आधारमा प्रतिवादीहरुले आरोपीत कसुरबाट सफाई पाउने भनी सफाई दिएकोमा आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।१९ मा पुनरावेदन गरिएको छ।

**देहायः**

क. प्रतिवादीले रकम लिएको स्वीकार गरेको अवस्थामा विद्यालयको शिक्षक छनौट प्रक्रियामा भएको खर्च वापतको रकम भनी फैसलामा सफाई दिएको देखिएको। प्रचलित शिक्षा ऐन नियम के कुन कानूनमा उक्त रकम लिन पाउने व्यवस्था छ त्यस बारेमा फैसला मौन देखिएको। विद्यालयमा करारमा नियुक्ति हुने शिक्षकले एक वर्ष नपुगी छोडेमा शिक्षकको ट्रन्सक्रिप्ट राख्ने प्रचलन छ भनी प्रतिवादीका साक्षीको बकपत्रलाई प्रमाणमा लिएको देखिएको, कानून सम्मत हुनुपर्ने की जोकोहीले बकपत्रमा भनिदिए हुने भन्ने विषयमा फैसला मौन देखिएको। विद्यालय र शिक्षकका बीचमा छनौट पश्चात कति समय विद्यालयमा अध्यापन गर्नु पर्ने भन्ने बिषय विद्यालय र शिक्षक बीच कुन सम्झौता भएको भन्ने प्रतिवादी स्वयंले देखाउन नसकेको। विद्यालय सञ्चालन सम्बन्धी ऐन नियमले अनुमति नै प्रदान नगरेको विषयमा शिक्षकका शैक्षिक प्रमाणपत्र कानून विपरीत कब्जामा लिई त्यसकै आधारमा मोल मोलाई गरी रकम प्राप्त गरेको विषयलाई कुनै कानूनी आधार विना सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको।

ख. प्रतिवादीहरूले आफ्नो ओहदाको कामसँग सम्बन्धित काम गर्दा आफू वा अरु कसैलाई रकम माग गरेको नदेखिएको भनी सफाई दिएको त्रुटिपूर्ण रहेको। प्रतिवादीहरुले विद्यालयमा वास्तविक खर्च भएको रकम माग गरेको भए विद्यालयको खातामा जम्मा गर्ने गरी माग गर्न सक्नेमा नगद नै माग गरेबाट विद्यालयको बहानामा घुस

रकम माग गरेको देखिएको। प्रतिवादी द्वय राजकुमार थापा र बुद्धिविलास धितालले पैसा लिएपछि मात्र उक्त ट्रान्सक्रिप्ट फिर्ता दिने मनसाय राखी पटक/पटक फोन सम्पर्क गरेको, यसरी विद्यालय बाहिरको स्थानमा गई रकमको मोलमोलाई गर्ने र अर्को बहानामा रकम लिए पनि सो रकम घुस/ रिसवत कै हुने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट व्याख्या भइरहेको सन्दर्भमा प्रस्तुत मुद्दाका प्रतिवादीहरुले पनि विद्यालयमा शिक्षक छनौट प्रक्रियामा भएको खर्च भनी रकम लिएको कार्यलाई घुस/रिसवत लिन मञ्जूर गरेको मिसिल संलग्न सबुद प्रमाणलाई गलत व्याख्या गरी प्रतिवादीहरूलाई सफाई दिएको फैसला त्रुटिपूर्ण रही फैसला वदरभागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे

<u>देहायः</u>

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु राजकुमार थापा, बुद्धिविलास धिताल मु.नं (०८०-CR-००२३) फैसला मिति २०८०।०९।१३ | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादीहरू राज कुमार थापा र बुद्धिविलास धितालले शिक्षक छनौटको अन्तरवार्ताको क्रममा राखेको स्नातकोत्तर (M.Sc.) तहको ट्रान्सक्रिप्ट फिर्ता गर्न उजुरी निवेदक दिल प्रकाश गिरीबाट घुस / रिसवत रू.१६,०००।- लिई भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूर गरेकोले निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको कसूरमा बिगो रू १६,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना हुन आरोपदाबी रहेको। | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•प्रतिवादीहरुबाट उजुरकर्तासँग परीक्षा सञ्चालन तथा व्यवस्थापनमा खर्च भएको रकम विद्यालयको लागि माग गरेको देखिएको।<br>•भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूर हुनलाई राष्ट्र सेवक वा राष्ट्र सेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सो सम्बन्धी कुनै काम गर्दा आफ्नो वा अरु कसैको लागि उजुरकर्तासँग रकम माग गरेको नदेखिएको।<br>•**अदालतको फैसला**<br>आरोपपत्रमा उल्लिखित प्रतिवादीहरु र उजुरकर्ता बीच भएको श्रब्य दृष्य संवादको लिपी लेखनमा प्रतिवादीहरुले शिक्षक छनौट गर्दा खर्च भएको रकम माग गरेको बेहोरा उल्लेख भएको देखिएको । श्रब्य दृष्य संवादको लिपी लेखनमा प्रतिवादीहरुले आफ्नो लागि घुस रकम माग गरेको भन्ने देखिदैन । छनौट भएको शिक्षकले विद्यालय छोडेमा छनौट प्रक्रियामा लागेको खर्च विद्यालयले लिने प्रचलन अनुसार दिलप्रकाश गिरीसंग परीक्षा शुल्क लिएको भन्ने बेहोरा उल्लेख गरी प्रतिवादीहरुको साक्षीहरुले बकपत्र गरेको देखिएको । उजुरकर्ताले गरेको बकपत्रमा निजले विद्यालयमा राखेको ट्रान्सक्रिप्ट फिर्ता लिनको लागि प्रतिवादीहरुले आफ्नो लागि नै घुस रिसवत मागेको भन्ने स्पष्टरुपमा भन्न सकेको अवस्था छैन । प्रतिवादीहरु र उजुरकर्ताको बीचमा भएको श्रब्य दृष्य संवादको बेहोरा र प्रतिवादीहरुको साक्षीहरुले गरेको बकपत्रको बेहोराबाट उजुरकर्ताबाट घुस मांग गरेको नभई उजुरकर्ता परीक्षामा पास भएपछि विद्यालय छोडेकोले उजुरकर्तासँग परीक्षा संचालन तथा | •प्रतिवादीहरूले परीक्षा सञ्चालनमा खर्च भएको रकम उजुरकर्तासँग माग गरेको भनी सफाइ दिएको देखिएको। उजुरकर्तासँग निज प्रतिवादीहरुले परीक्षा सञ्चालन गरी छनौट भएका उम्मेदवारले १ वर्ष नै नपुगी विद्यालय छोडी गएमा विद्यालयले रकम असूल गर्ने भन्ने सम्झौता गरेको भएमा सम्झौता देखाउनु पर्नेमा सो नगरी जवरजस्ती रकम माग गरेको देखिएको छ। अदालतको फैसलामा प्रतिवादीले रकम लिएको स्वीकार गर्दै फैसलामा विद्यालयको शिक्षक छनौट प्रक्रियामा भएको खर्च वापतको रकम भनी सफाइ दिएको देखिएको। उक्त रकम लिन पाउने प्रचलित शिक्षा ऐन नियम के कुन कानूनमा त्यस्तो व्यवस्था छ त्यस बारेमा फैसला मौन बसेको देखिएको। विद्यालयमा करारमा नियुक्ति हुने शिक्षकले एक वर्ष नपुगी छोडेको शिक्षकको ट्रन्सक्रिप्ट राखे प्रचलन छ भनी प्रतिवादीका साक्षीको बकपत्रलाई प्रमाणमा लिएको पाइन्छ। त्यस्तो प्रचलन कानून सम्मत हुनु पर्ने की जोकोहीले बकपत्रमा भनिदिए हुने भन्ने विषयमा फैसला मौन देखिएको। साथै उक्त कुरा प्रमाणमा लिन फैसलामा कुनै कानूनी आधार उल्लेख भएको देखिदैन। विद्यालय र शिक्षकका वीचमा छनौट पश्चात कति समय विद्यालयमा अध्यापन गर्नु पर्ने भन्ने कुरा विद्यालय र शिक्षक वीच कुनै सम्झौता भएको भन्ने प्रतिवादी स्वयंले देखाउन सकेका छैनन्। कुनै सम्झौता गर्न कानूनले रोक नलगाएको विषयमा मात्र सम्झौता गर्न सकिने हो। विद्यालय सञ्चालन सम्बन्धी ऐन नियमले अनुमति नै प्रदान नगरेको विषयमा शिक्षकका शैक्षिक प्रमाणपत्र कानून विपरीत कब्जामा लिई त्यसकै आधारमा मोल मोलाई गरी रकम प्राप्त गरेको विषयलाई कुनै कानूनी आधार विना सफाइ दिएको फैसला त्रुटिपूर्ण छ। प्रमाण ऐन, २०३१ को दफा २७ मा प्रचलित नेपाल कानून वमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ भनी उल्लेख भई रहेकोमा प्रतिवादीहरुले विद्यालयको नाममा बैंक खाताहरु हुँदा हुँदै नगद रकम माग गरेको देखिएको। प्रतिवादीहरुले विद्यालयको नाममा बैंकमा खाता हुँदा हुँदै नगदै किन माग गर्नु परेको हो भन्ने विषयमा कुनै आधार प्रमाण पेश गर्न सकेका छैनन्। परीक्षाको छनौट प्रकृयामा भएको खर्च उठाउने सन्दर्भमा विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयमा उल्लेख भएको समेत देखिदैन। कुनै प्रतिवादीले सेवाग्राहीसँग रकमको मोलमोलाई गर्दा घुस/रिसवत चाहियो भनी उल्लेख नगरी अनेक वहाना वनाउने क्रममा परीक्षाको खर्चलाई वहाना वनाई घुस/ रिसवत माग गर्नु स्वभाविकै हो। प्रतिवादीले रकम खाने मनसायले शिक्षक छनौट प्रकृयामा लागेको खर्च भनी उल्लेख गरेको देखिएको सम्म हो। प्रतिवादीहरुको रकम खाने वदनियत रहेको निजहरुको व्यवहारबाट देखिएको।<br>•प्रतिवादीहरूले आफ्नो ओहदाको कामसँग सम्बन्धित काम गर्दा आफू वा अरु कसैलाई रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | व्यवस्थापनमा खर्च भएको रकम विद्यालयको लागि माग गरेको भन्ने प्रतिवादीहरुको जिकिर समर्थित भएको देखिदा प्रतिवादीहरुले आफूले लिन खानको लागि उजुरकर्ताबाट रकम माग गरेको देखिन आएन।<br>•प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको भन्ने दाबी रहेको छ । सो दफा ३ को उपदफा (१) को कसूर हुनलाई राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्दा आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएको वा लिन मञ्जुर गरेको हुनुपर्छ । प्रतिवादीहरुले आफ्नो लागि र अरु कसैको लागि उजुरकर्तासँग रकम माग गरेको नभई उजुरकर्ता शिक्षक छनौटको परीक्षामा पास भएर विद्यालय छोडेपछि परीक्षा संचालन तथा व्यवस्थापनमा खर्च भएको रकम विद्यालयको लागि माग गरेको अवस्थामा प्रतिवादीहरुले आरोप दाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिन आएन। | माग गरेको नदेखिएको भनी सफाइ दिएको त्रुटिपूर्ण रहेको छ। प्रतिवादीहरुले विद्यालयमा वास्तविक खर्च भएको रकम माग गरेको भए विद्यालयको खातामा जम्मा गर्ने गरी माग गर्न सक्नेमा नगद नै माग गरेबाट विद्यालयको वहानामा घुस रकम माग गरेको देखिएको छ। विद्यालयको बैंक खातामा रकम जम्मा गरेको भौचर पेश गरिदिए पछि उजुरकर्ताको ट्रान्सक्रिप्ट लगायतका कागज पाउने हो भनी एकिनका साथ फोन सम्वादमा भन्न सक्नु पर्नेमा सो नगरी विद्यालयको वहानामा आफूले रकम खाने लिने मनसायले रकम माग गरेको देखिएको छ। प्रतिबादीको रकम लिने खाने मनसायले नै विद्यालयमा रहनु पर्ने परीक्षामा संलग्न हुने उजुरकर्ताको ट्रान्सक्रिप्ट शुरुमा विद्यालयमा नै राखिएको तथ्य विद्यायमा लेखा समेतको कार्य गर्ने प्रतिक अर्यालले गरिदिएको कागजको व्यहोराबाट देखिएको। उजुरकर्ता दिलप्रकाश गिरीको ट्रान्सक्रिप्ट प्रधानाध्यापकले विद्यालय व्यवस्थापन अध्यक्षलाई दिनु भने पछि दिएको हो भनी प्रष्ट रुपमा उल्लेख गरिदिएको देखिएको। प्रतिवादी द्वय राजकुमार थापा र बुद्धिविलास धितालले पैसा लिएपछि मात्र उक्त ट्रान्सक्रिप्ट फिर्ता दिने मनसाय राखी पटक पटक फोन सम्पर्क गरेको देखिएको। विद्यालयमा रहनु पर्ने शिक्षक उम्मेदवारको महत्वपूर्ण कागजातको रुपमा रहने ट्रान्सक्रिप्ट प्रमाणपत्र कागजलाई घुस/रिसवत लिने साधनको रुपमा प्रयोग गरी मोलमोलाई गरेको देखिएको। उक्त ट्रान्सक्रिप्ट लिई घुस रकम लिन खोजेको र उक्त कार्य विद्यालयमा नगरी गोरखकाली मल्टिसपको काउण्टरमा प्रतिवादीहरुले रकम लिई उजुरकर्तालाई दिएको तथ्य वरामदी मुचुल्काबाट देखिएको छ। यसरी विद्यालय बाहिरको स्थानमा गई रकमको मोलमोलाई गर्ने र अर्को बहानामा रकम लिए पनि सो रकम घुस/ रिसवत कै हुने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट पुनरावेदक शिवबहादुर स्वाँर विरुद्ध नेपाल सरकार स.फौ. पु.नं. ३५१६ को भ्रष्टाचार मुद्दामा "अधिकार प्राप्त अधिकारी र अदालतमा वयान गर्दा राहदानी वनाउन कागज रकम बरामद भएको कुरा स्वीकार गरेको स्थितिमा घटनाका श्रृखलाहरु क्रमबद्ध रुपमा मिल्न आएको कारण एवं रकम पर्समा राखेको समेतबाट राहदानी बनाउने कार्यमा रकम लिन पुनरावेदक प्रतिवादी सहमत रहेछन् भन्ने देखिइरहेकोले पुनरावेदकले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) (क) बमोजिम रिस्वत लिन मञ्जूर गरेको देखिन आउने" भनी सर्वोच्च अदालत बुलेटिन वर्ष १८ अंक २१ पूर्णाङ्क ४२३, २०६६ पृष्ठ ३१ मा व्याख्या भइरहेको सन्दर्भमा प्रस्तुत मुद्दाका प्रतिवादीहरुले पनि विद्यालयको शिक्षकको क्षनौट प्रक्रियामा भएको खर्च भनी रकम लिएको कार्यलाई घुस/ रिसवत लिन मञ्जूर गरेको मिसिल सम्लग्न सवूद प्रमाणलाई गलत व्याख्या गरी प्रतिवादीहरूलाई सफाइ दिएको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा फैसला वदर भागी रहेको। |